# रामधुनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश नं.१, नेपाल

## बोयर बोका र पाठी खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि १५ दिने सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०२/२३)

यस रामधुनी नगरपालिका र नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली/वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट अन्तर्गत पशुपंक्षी पकेट विकास कार्यक्रमका लागि बोयर बोका र पाठी खरिद गरि वितरण गर्नका लागि इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहायको शर्तको अधिनमा रही के कतिमा उपलब्ध गराउन सकिन्छ । यस कार्यालयमा तपसिल बमोजिमको दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गरि फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर र प्यान दर्ता प्रमाण पत्र, अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिका साथ रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रति शिलबन्दी दरभाउपत्र फारम रु.१००० फिर्ता नहुने गरि तिरी यस कार्यालयको पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. उपरोक्ता दरभाउपत्रका लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरि १६ औं दिन दिनको १२:०० बजे भित्र रित पुर्वक शिलबन्दी दरभाउपत्र बुझाउनु पर्नेछ । प्राप्त भएको दरभाउपत्र सोहि दिन दिनको २ बजे यस कार्यालयमा खोलिनेछ ।

३. जमानत वापतको धरौटी रकम कबोल गरेको अंकको ३ प्रतिशत रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि. एसिया बैंक लिमिटेड झुम्का शाखाको धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ मा नगद दाखिला गरेको बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र खरिद गर्ने अन्तिम मिति बाट कम्तिमा ९० दिन अवधिको बैंक जमानत (विडबण्ड) सक्कलै प्रति दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश सो को भोलि पल्ट सोहि समयमा तोकिएका कार्यहरु हुनेछ ।

५. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित संघिय, प्रादेशिक र स्थानीय कानून बमोजिम हुनेछ ।

६. यस सम्वन्धमा थप जानकारी लिन चाहेमा कार्यालय समयमा पशु सेवा शाखा तथा नगरपालिकामा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | दरभाउपत्र नं. | कार्य विवरण | संख्या | लगत अनुमान | दरभाउ फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/०७७/०७८ | शुद्ध बोयर बोका र उन्नत जातको बोयर क्रस पाठी जातिय गुण प्रस्ट देखिने हुनु पर्ने छ र रंगमा सेतो जीउ रातो टाउको र तौल२० के.जी. माथीको हुनुपर्नेछ | ३ र ५० | १८,००,००० | १,००० | कबोल अंकको ३% | |

शाखा अधिकृत(आठौं)